# बेथानचोक गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

ढुंखर्क, काभ्रेपलाञ्चोक
वागमती प्रदेश, नेपाल

पत्र संख्याः ०७८/७९
चलानी नं. : ६३६

मिति : २०७८।०८।२४

**विषयः दिवा खाजा सम्बन्धमा ।**

श्री सवै सामुदायिक विद्यालयहरु
वेथानचोक गाउँपालिका, काभ्रेपलाञ्चोक ।

प्रस्तुत विषयमा श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरको च.नं. ३७ मिति २०७८।०८।२३ को पत्रबाट नेपाल सरकारले आ.व. २०७७।७८ देखि देशभरका सवै सामुदायिक विद्यालयका प्रारम्भिक वालविकास देखि कक्षा ५ सम्मका वालवालिकाहरुका लागि दिवा खाजाको व्यवस्था गरेको साथै साप्ताहिक खाजा मेनु समेत तयार गरी पठाइएको सन्दर्भमा केही विद्यालयहरुले वजारबाट तयारी प्याकेटको खाजा खरिद गरी खुवाउने गरेको भन्ने जानकारीमा आएकोले सरकारको नीति विपरीत र वालवालिकाको स्वास्थ्य संवेदनशीलतामा असर पर्ने भएकाले यस्तो कार्य नगर्नु/नगराउनुहुन भनी लेखी आएकोले पकाएर ताजा, सफा र सन्तुलित खाजा खुवाउने व्यवस्था मिलाउनुहुन अनुरोध छ ।

..................
राजेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

राजेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**(विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखा)**
सानोठिमी, भक्तपुर

पत्र संख्या : ०७८ ०७९
च.नं. ३७

फोन नं. :
फ्याक्स नं. : ६६-३१९७२

मिति २०७८।०८।२३

श्री स्थानीय तहहरु
सबै । ७५३ वटै

**विषय : दिवा खाजा व्यवस्थापन गर्ने सम्बन्धमा स्थानीय तहहरुमा अनुरोध ।**

प्रस्तुत विषयमा नेपाल सरकारले आ व ०७७।०७८ देखि देशभरका सबै सामुदायिक विद्यालयका प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्मका बालबालिकाहरुका लागि दिवा खाजाको व्यवस्था गरेको छ । स्थानीय स्तरमा उत्पादन भएका खाद्य वस्तुहरुको उपयोग गरी विद्यालयले साप्ताहिक रुपमा खाजा मेनु तयार गरेर मापदण्ड बमोजिम पकाएर ताजा सफा र सन्तुलित खाजा खुवाउने व्यवस्था रहेको सन्दर्भमा कतिपय स्थानिय तह भित्रका केहि विद्यालयहरुले बजारबाट तयारी प्याकेटको खाजा खरिद गरी खुवाउने गरेको भन्ने जानकारीमा आएकाले सरकारको नीति विपरित र बालबालिकाको स्वास्थ्य सम्वेदनशिलतामा असर पर्ने भएकाले साथै स्थानीय कृषकको आय स्तरमा सुधार गर्ने समेत दिवा खाजाको लक्ष्य भएकोमा उक्त क्षेत्रमा निरुत्साहन हुने भएकाले यस्ता कार्य नगर्न नगराउनहुन निर्देशानुसार अनुरोध छ ।

– पद्मा शर्मा सापकोटा
शाखा अधिकृत

Scanned by CamScanner